नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

च.नं. १३६

मिति : २०७३।०७।११

**विषयः** परिपत्र ।

श्री मन्त्रालय/सचिवालय/आयोग .................

काठमाडौं ।

यस मन्त्रालयबाट निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम विदा स्वीकृत गराई अध्ययन/असाधारण विदामा बसी विदाको अवधि समाप्त भएको नब्बे दिनभन्दा बढी समयसम्म अनुपस्थित भएका र विदा स्वीकृत नगराई नब्बे दिनभन्दा बढी समयसम्म अनुपस्थित रहेका कर्मचारीको विवरण पठाउन विभिन्न निकायमा अनुरोध गरिएकोमा केही निकायहरुबाट त्यसरी अनुपस्थित हुने कर्मचारीहरुको विवरण प्राप्त भएको छ । विदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी समयसम्म अनुपस्थित हुने कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) को कसुरमा सोही ऐनको दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गर्न निजामती सेवा नियमावली, २०५० को नियम १०७क. बमोजिम विभागीय कारवाही गर्नुपर्ने अवस्था सृजना भएको मितिले पन्ध्र दिनभित्र कारवाहीको प्रक्रिया प्रारम्भ गर्नु पर्नेमा लामो समयसम्म कारवाही नै प्रारम्भ नगर्नुलाई उचित मान्न सकिंदैन ।

नेपाल सरकारबाट मनोनयन भई अध्ययन विदामा बसी स्वीकृत विदा अवधि समाप्त भएको नब्बे दिन पूरा हुँदा समेत कार्यालयमा अनुपस्थित भएका, बेतलवी अध्ययन विदा वा असाधारण विदा लिई सो विदा समाप्त भएको नब्बे दिन पूरा हुँदा समेत कार्यालयमा अनुपस्थित भएका र जुनसुकै कारणले विदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी समयसम्म अनुपस्थित रहेका प्रत्येक कर्मचारीलाई विभागीय सजायको आदेश दिन पाउने अधिकारीले निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(५) को कसुरमा सोही ऐनका दफा ५९(ख)(१) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय सजाय गरी यस मन्त्रालयलाई समेत जानकारी गराउनु हुन मिति २०७३।०६।१६ को निर्णयानुसार (सचिवस्तरीय) अनुरोध गर्दछु ।

(कुल प्रसाद भट्टराई)

शाखा अधिकृत